# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, चैत्र ७ गते, २०७३ साल (संख्या ६०

## भाग ३

नेपाल सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

सुरक्षण मुद्रण विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७३

सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम सुरक्षण मुद्रण विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७३ रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ को दफा ६ मा संशोधनः सुरक्षण मुद्रण विकास समिति (गठन)

१३१७
आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आदेश २०७३ को दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) नेपाल सरकारले मान्यता प्राप्त विश्वविध्यालयबाट विज्ञान, व्यवस्थापन, इन्जिनियरिङ्ग, कानून, विकास प्रशासन, वाणिज्य, आमसञ्चार वा सूचना प्रविधि विषयमा कम्तीमा स्नात्तक उपाधि हासिल गरेको र व्यवस्थापकीय पदमा कम्तीमा सात वर्षको अनुभव भएको व्यक्तिमध्येबाट खुला प्रतिस्पर्धाको आधारमा कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।"

आज्ञाले,
**महेन्द्रमान गुरुङ्**
**नेपाल सरकारको सचिव**

मुद्रण विभाग, सिंहदरबार



१३२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।